नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौ, चैत १ गते, २०७५ साल (संख्या ५८

भाग ५

नेपाल सरकार
गृह मन्त्रालयको
सूचना

नेपाल सरकारले संवत् २०७६ साल वैशाख १ गतेदेखि २०७६ साल चैत मसान्तसम्म एक वर्ष भरिमा सबै सरकारी कार्यालयहरूलाई देहाय बमोजिमको सार्वजनिक, पर्व एवम सट्टा विदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेको छः-

१. वर्ष भरिका शनिबार बिदाः

(क) वैशाख- ७,१४,२१,२८,	(ख) जेठ- ४,११,१८,२५,३२
(ग) असार- ७,१४,२१,२८	(घ) साउन- ४,११,१८,२५,३२
(ङ) भदौ- ७,१४,२१,२८,	(च) असोज-४,११,१८,२५
(छ) कात्तिक-२,९,१६,२३,३०	(ज) मङ्सिर- ७,१४,२१,२८
(झ) पुष- ५,१२,१९,२६	(ञ) माघ- ४,११,१८,२५
(ट) फागुन-३,१०,१७,२४	(ठ) चैत- १,८,१५,२२,२९

२.पर्व बिदाहरुः

२.१ मुलुक भरी सार्वजनिक बिदा हुने पर्वहरुः

(क) नव वर्ष, वैशाख १ गते आइतबार ।

(ख) महाशिवरात्री, फागुन ९गते शुक्रबार ।

(ग) फागुपूर्णिमा, हिमाली, पहाडी तथा भित्री मधेशका ५८ जिल्लामा फागुन २६ गते सोमबार र देहायका जिल्लाहरूमा फागुन २७ गते मङ्गलबार ।

जिल्लाहरूको नामः

१.	मोरङ्ग	६.	धनुषा	११.	पर्सा	१६.	बाँके
२.	सुनसरी	७.	महोतरी	१२.	नवलपरासी (बर्दघाट सुस्तापश्चिम)	१७.	बर्दिया
३.	सप्तरी	८.	सलाही	१३.	रुपन्देही	१८.	कैलाली
४.	सिरहा	९.	रौतहट	१४.	कपिलवस्तु	१९.	कञ्चनपुर
५.	उदयपुर	१०.	बारा	१५.	दाङ		

२.२ सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक बिदा हुने पर्वहरुः

(क) किराँत, राई, याख्खा, सुनुवार, लिम्बू जातिको उभौली पर्व- चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), जेठ ४ गते शनिवार।

(ख) गौरा पर्व भदौ ६गते शुक्रबार।

(ग) इस्लाम धर्मावलम्बीहरूको पर्व, ईद (इदुल्ल फित्र) का दिन।

(घ) छठ पर्व, कात्तिक १६ गते शनिवार।

(ङ) इस्लाम धर्मावलम्बीहरूको पर्व, बकर ईद (इदुल जोहा)का दिन।

(च) किराँत जातिको उधौली पर्व, योमरी पुन्हि - ज्यापु दिवस (मङ्सिर पूर्णिमा, धान्य पूर्णिमा) मङ्सिर २६ गते बिहीबार ।

(छ) इसाई धर्मावलम्बीहरूको पर्व क्रिसमस डे (डिसेम्बर २५ तारिख) पौष ९ गते बुधबार।

(ज) तमू ल्होसार पुष १५ गते मङ्गलबार।

(झ) माघे सक्रान्ति एव माघी पर्व (थारु/मगर/छन्त्याल जातिको राष्ट्रिय पर्व) माघ १ गते बुधबार।

(ञ) सोनम ल्होसार माघ ११ गते शनिबार।

(ट) हिमाली आदिबासी शेर्पाहरूले मनाउने ग्यालबो ल्होसार फाल्गुन १२ गते सोमबार।

(ठ) सिरुवा पावनी पर्वका दिन त्यस्तो पर्व मनाउने झापा, मोरङ, सुनसरी, सिरहा र सप्तरी जिल्लाहरुमा ।

(ड) धवथाम्बु छेउचिक पर्वका दिन त्यस्तो पर्व मनाउने जिल्लाहरुमा ।

३. <u>महिला कर्मचारीहरूको लागि मात्रः</u>

(क) हरितालिका(तीज), भदौ १६ गते सोमबार।

(ख) जितिया पर्व, असोज ५ गते आइतबार (जितिया पर्व मनाउने महिला कर्मचारीहरूको लागि)।

४. <u>शिक्षण संस्थाहरूको लागि मात्रः</u>

बसन्त पञ्चमी, माघ १६ गते बिहीबार।

५. जात्रा बिदा (काठमाडौं उपत्यकालाई मात्र):

(क) गाईजात्रा, साउन ३१ गते शुक्रवार।

(ख) इन्द्रजात्रा, भदौ, २७ गते शुक्रवार।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन)।

(घ) घोडेजात्रा, चैत ११ गते मङ्गलवार।

६. दशैं बिदा:

असोज १८ गते शनिवारदेखि असोज २२ गते बुधवारसम्म (फूलपातीदेखि एकादशीसम्म)

७. तिहार बिदा:

(क) लक्ष्मी पूजा, कात्तिक १० गते आइतवार।

(ख) म्हपूजा, कात्तिक ११ गते सोमवार।

(ग) गोवर्द्धन पूजा, भाइटीका, नेपाल संवत प्रारम्भ, कात्तिक १२ गते मङ्गलवार।

८. दिवस बिदा:

८.१ मुलुक भरी सबैलाई हुने सार्वजनिक दिवस बिदाहरु:

(क) विश्व मजदुर दिवस, (मे १) वैशाख १८ गते बुधवार।

(ख) संविधान दिवस (राष्ट्रिय दिवस), असोज ३ गते शुक्रवार।

(ग) अन्तर्राष्ट्रिय महिला दिवस, (मार्च ८) फागुन २५ गते आइतवार।

८.२ अपाङ्गता भएका कर्मचारीहरुको लागि मात्र:

अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, (डिसेम्बर ३) मङ्सिर १७ गते मङ्गलवार (नेपाल भित्रका अपाङ्गता भएका सम्पूर्ण कर्मचारीहरूको लागि मात्र) ।

९. **जन्म जयन्ती बिदाः**

९.१ मुलुक भरी सबैलाई हुने सार्वजनिक जयन्ती बिदाः बुद्ध जयन्ती, जेठ ४ गते शनिवार।

९.२ सम्बन्धित धर्मावलम्बीहरुका लागि मात्रः

(क) गुरु नानक जयन्ती, कात्तिक २६ गते मङ्गलवार (नेपाली शिख धर्मावलम्बी)।

(ख) फाल्गुनन्द जयन्ती, कात्तिक २५ गते सोमवार (किरौत धर्मावलम्बी) ।

१०. **राष्ट्रिय रुपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका दिवसहरुः**

(क) गणतन्त्र दिवस, जेठ १५ गते बुधवार।

(ख) निजामती सेवा दिवस, भदौ २२ गते आइतबार।

(ग) राष्ट्रिय एकता दिवस, पुष २७ गते आइतबार।

(घ) सहिद दिवस, माघ १६ गते विहीवार।

(ङ) राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन ७ गते बुधवार।

(च) जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस, जेठ २१ गते मङ्गलवार।

११. विदेश स्थित नेपाली नियोगहरूले सम्बन्धित मुलुकका सार्वजनिक विदाहरूलाई समेत दृष्टिगत गरी बढीमा १८

दिनसम्म सार्वजनिक बिदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने।

१२. <u>सट्टा बिदा</u> :

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायरब्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, हुलाक आदि जस्ता निरन्तर र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरूले सार्वजनिक बिदाका दिनमा समेत कामकाज गर्नु पर्ने हुँदा त्यस्ता कार्यालयहरूमा दैनिक काम नरोकिने गरी सार्वजनिक बिदाका दिन काम गरे बापत प्रचलित कानूनको रीत पुऱ्याई सट्टा बिदा बस्न सक्ने ।

१३. कार्यालय हाजिर हुने र छुट्ने समय :

(क) नेपालका सबै सरकारी कार्यालयहरुमा वैशाख १ गते देखि कात्तिक १५ गते सम्म र माघ १६ गते देखि चैत मसान्तसम्म कार्यालय समय बिहान १०:०० बजे देखि अपरान्ह ५:०० बजेसम्म हुने र कात्तिक १६ गते देखि माघ १५ गते सम्म बिहान १०:०० बजे देखि अपरान्ह ४:०० बजे सम्म हुने ।

(ख) शुक्रबार बिहान १०:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म हुने ।

<u>द्रष्टव्य</u>:

(क) "आधा दिन" भन्नाले कात्तिक १६ गते देखि माघ १५ गते सम्म तीन महिनाको लागि दिनको १:००

बजे र माघ १६ गते देखि कात्तिक १५ गते सम्म दिनको १:३० बजे सम्म सम्झनु पर्छ ।

(ख) सेवा ग्राहीलाई प्रदान गरिने सेवा प्रवाहमा असर नपर्ने गरी कार्यालय समयको १:०० बजे देखि २:०० बजे सम्म खाजा खाने समय कायम गरिएको छ ।

आज्ञाले,
प्रेम कुमार राई
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३